**छथर जोरपाटी गाउँपालिका**
**जोरपाटी, धनकुटा**
**गाउँपालिकाका उपाध्यक्ष श्री भिमकला श्रेष्ठद्वारा गाउँसभा समक्ष प्रस्तुत**
**आ.व. २०७७-०७८ को वजेट बक्तव्य**

यस गरिमामय सभाका सभाध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,
आदरणीय छथर जोरपाटीबासी तथा यहाँबाट देश विदेशमा रहनु भएका सम्पूर्ण आमा–बुवा, दाजु–भाइ तथा दिदी बहिनीहरु, यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरु सबैमा न्यानो अभिवादन सहित स्वागत गर्न चाहान्छु !

१. हामी नेपाली सबैको अथक प्रयासबाट यो मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रतिफल स्वरुप सार्वभौमसत्तासम्पन्न नेपाली जनताबाट निस्रित नेपालको संविधानको धारा २३० को अधिकार प्रयोग गर्दै यस संविधानको अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आज यस छथर जोरपाटी गाउँपालिकाको आ.व.२०७७।०७८ को राजस्व र व्ययको अनुमान पेश गर्न उपस्थित भएको छु।

२. यस सन्दर्भमा सर्वप्रथम यो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने क्रममा भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उहाँहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. अहिले हामी कोभिड–१९ महामारीको विषम परिस्थितिसँग लडिरहेका छौं । यो चुनौतिपूर्ण घडीमा महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुर्याउनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दल, निजी तथा व्यवसायिक क्षेत्र, संचार जगत र कोरोना रोकथाम उपचार कोषमा रकम उपलब्ध गराउने सबै महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु साथै यस महामारीका कारण देश विदेशमा जीवन गुमाउनु भएका सबै प्रति समवेदना व्यक्त गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तिको कामना गर्दछु र संक्रमणमा परी उपचाररत रहनु भएका सम्पूर्ण महानुभावहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. **"समृद्ध नेपाल सुखी नेपाली"** भन्ने नारा सहितको राष्ट्रिय अभियानलाई आत्मसात गर्दै यस गाउँपालिकाको तर्फबाट **"शिक्षा, कृषि, पर्यटन र पूर्वाधार-छथर जोरपाटीको समृद्धिको आधार"** भन्ने दीर्घकालीन सोचलाई मुख्य पथप्रदर्शनको रुपमा अङ्गीकार गर्दै वर्तमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रिकृत रहने गरी यो वजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु।

५. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु, राज्यले अवलम्वन गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण, नेपाल सरकारको चालु पन्ध्रौं पञ्च वर्षिय योजना, हालै पारित गरिएको यस गाउँपालिकाको २०७७।०७८ को नीति तथा कार्यक्रम, १ नं. प्रदेश सरकारबाट लागू गरिएको पञ्च वर्षिय आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस गाउँपालिकाको पञ्च वर्षिय योजना, यस गाउँपालिकाले सञ्चालन गरेका विगत तीन वर्षको प्रयासबाट हासिल गरेको उपलब्धि, सरोकारवाला साझेदार संघ संस्था तथा विज्ञहरुबाट प्राप्त सुझाव, अन्य प्रचलित कानून, हालको कोभिड–१९ को महामारीका कारण सिर्जना भएका चुनौतिहरु समेतलाई ध्यानमा राखी यो बजेट तर्जुमा गर्ने प्रयत्न गरेका छौं।

६. कोभिड–१९ माहामारीका कारण असामान्य बन्दै गएको मुलुकको आर्थिक सामाजिक अवस्थालाई पुन: सामान्य अवस्थामा ल्याउन यस गाउँपालिकाको बजेटको आकारलाई मनन गरी उचित व्यवस्था मिलाउने प्रयत्न गरेको छु। यो आर्थिक वर्षको वजेट गत आ.व.हरुको वजेट भन्दा आम नागरिकहरुको जीवन रक्षासँग बढी सरोकार राख्ने गरी अघि सारिएको छ। हामीलाई आई परेको चुनौतिको सामना गर्नु बाहेक अर्को विकल्प नभएकै कारण यो वर्षको राजस्व र व्ययको अनुमान लचिलो



उपाध्यक्ष

किसिमको बनाउनै पर्ने बाध्यता समेत हामीसँग रहेकोले अवस्था अनुसारको व्यवस्था गर्दै जाने गरी हामी अघि बढीरहेको व्यहोरा समेत सम्मानित सभामा राख्न चाहन्छु ।

**सभाध्यक्ष महोदय !**

७. अब म हालसम्मको आर्थिक सामाजिक पूर्वाधार तथा संस्थागत विकासका प्रगति स्थिति आर्थिक स्थितको वारेमा संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । स्थानीय सरकार गठन भएपछि हामीले गरेका भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, वित्तीय व्यवस्थापन विकास, संस्थागत विकास समेतबाट अबका दिनमा बिकासलाई ग्रहण गर्न सक्ने क्षमता हासिल हुँदै गइरहेको, यो उपलब्धीले छथर जोरपाटी गाउँपालिकाले समग्र मानव विकासको सम्मुन्नति तर्फ निकट भविष्यमा छिट्टै नै फड्को मार्न सफल हुने उत्साह र उर्जाको सन्देश प्रवाह गरेको छ ।

८. मुलुकमा स्थीर सरकारको उपस्थितिसँगसँगै स्थानीय सरकारको मजबुत बन्दै गइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको मूल आधारको रुपमा रहेको स्थानीय सरकारको समुन्नति नै राष्ट्रिय सम्वृद्धिको पहिलो सूचक पनि हो । बिगत तीन आर्थिक वर्षमा यस गाउँपालिकाले जुन रफ्तारमा बिकासको फड्को मार्न सक्यो त्यो अवस्था अविष्मरणीय छ सुखद एवं ऐतिहासिक समेत छ । तर आज हामी माझ महामारी र त्यसले सिर्जना गरेका चुनौतिहरु, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा आएको संकुचन, आन्तरिक आयमा भएको गिरावट, यस गाउँपालिका अन्तगर्गत उत्पादित कृषिजन्य वस्तुहरुको निकासीमा आएको मन्दी, यातायात व्यवसाय, होटल व्यवसाय, पर्यटन व्यवसायमा आएको गिरावट र एकोहोरो पैठारीमा भएको बृद्धिले गाउँपालिकाको समग्र आर्थिक बृद्धिको अवस्था निराशाजनक रहन पुगेको छ ।

९. वित्तीय क्षेत्र तर्फ हेर्दा यस गाउँपालिका अन्तर्गत हाल सम्म क श्रेणीको बाणिज्य बैंक २ वटा स्थापना भएको, ख श्रेणीको १ वटा र घ श्रेणीका वित्तीय संस्थाहरु ९ वटा चालु अवस्थामा रहेका छन् भने सहकारी संस्थाहरु ४७ वटा स्थापना भई चालु अवस्थामा रहेका छन् । यी वित्तीय संस्थाहरुको उपस्थितिले पूँजीबजारको विकासको संभावनाको ढोका खुलेको अवस्था छ जसबाट यस गाउँपालिकाको वित्तीय समुन्तिको आधार तयार भएको अवस्था छ ।

१०. सामाजिक तथा आर्थिक क्षेत्रको अहिलेसम्मको अवस्था भने उत्साहजनक छ । यस गाउँपालिकाको शिक्षा ऐन, २०७५ पारित भई २८ वटा सामुदायिक विद्यालय र ७ वटासंस्थागत विद्यालयमा सोही ऐन बमोजिमको व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति गठन भएको छ । विशेष विद्यार्थी भर्ना अभियान सञ्चालन गरी २०७५ साल भाद्र १० गते धनकुटा जिल्लाको पहिलो र नेपालको आठौँ स्थानमा विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गरिएको अवस्था छ । सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास अर्न्तगत कक्षा नर्सरी र केजी कक्षाको व्यवस्था गरिएको, नर्सरी र केजी कक्षाको लागि शिक्षक, दिवा खाजा, झोला र अंग्रेजी माध्यमको पाठ्यपुस्तकको व्यवस्था गरी शिक्षाको जग बलियो बनाउने प्रयत्न गरेको तथा शिक्षालाई प्रतिस्पर्धी र गुणस्तरीय बनाइएको क्रमशः कक्षा ३ सम्म अंग्रेजी माध्यमको पाठ्यपुस्तकको निःशुल्क व्यवस्था गर्ने घोषणा गरी लागू गरिएको छ । शिक्षक नियुक्ती पदपुर्ति व्यवस्थापन कार्यविधि २०७५ जारी गरी गाउँपालिकामका तीन प्रस्तावित माध्यमिक विद्यालयमा ३ जना, प्रस्तावित आ.वि.मा २ जना तथा केजी कक्षाको लागि २५ जना नयाँ शिक्षक दरबन्दी सिर्जना गरी नियुक्ती गरिएको, दरबन्दी मिलान गरिएको, बालविकासमा अध्यापनरत सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको न्यून वेतन रहेकोले बढीमा ५०% सम्म प्रोत्साहन सुविधा प्रदान गरिएको छ ।

११. यसैगरी शैक्षिक गुणस्तर कायम गर्न विद्यालयका प्रधानाध्यापकसँग गाउँपालिकाद्वारा कार्य सम्पादन करार सम्झौता गरिएको, सबै विषय शिक्षकले विगत शैक्षिक सत्रको सिकाई उपलब्धीमा अनिवार्य २% ले बृद्धी गर्नुपर्ने , ३ वर्षसम्म निरन्तर शर्त बमोजिम सिकाई उपलब्धी नभए नसिहत दिने र उत्कृष्ट सिकाई उपलब्धी हासिल गराउन सक्ने विषय शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिएको छ । ICT, विज्ञान प्रयोगशाला, पुस्तकालय र छापायुक्त कक्षा कोठा व्यवस्थापन सहित शिक्षण सिकाइको व्यवस्था गरिएको छ । सरस्वती मा.वि. सिधुवालाई नमूना विद्यालयको रुपमा छनोट गरिएको छ भने चुलाचुली मा.वि.लाई प्राविधिक कक्षा सञ्चालन हुने सुनिश्चित भएको छ । मन्टेश्वरी कक्षा तालिम, अंग्रेजी माध्यमबाट अध्यापन गर्ने शिक्षण विधि सम्बन्धी तालिम तथा प्र. अ. र विद्यालय कर्मचारीहरुलाई लेखा व्यवस्थापन तथा जिन्सी



उपाध्यक्ष

दाखिला सम्बन्धी तालिम प्रदान गरिएको छ । सबै सामुदायिक विद्यालयको शैक्षिक अवस्था, विद्यार्थी संख्या, शिक्षक संख्यामा, कक्षागत विषयगत सिकाई उपलब्धी सहितको प्रतिवेदन तयार गरिएको छ । यी शैक्षिक क्रियाकलापहरुलाई निरन्तर अनुगमन तथा मूल्यांकन पद्धतिबाट अघि बढाउने गरी बजेट व्यवस्थापन गर्ने प्रयत्त गरेको छु ।

१२. युवा तथा खेलकुदका क्षेत्रमा पालिकाको सम्पूर्ण पुर्वाधार सहितको खेलकुद ग्रामको रुपमा सिंधुवा खेलमैदानको स्तरोउन्नती गर्न DPR गरी युवा तथा खेलकुद मन्त्रालयमा गाउँपालिकाले प्रस्ताब पेश भइसकेको छ । एक वडा एक खेल मैदान निर्माणको प्रारम्भ गरी जोरपाटी खेल मैदान र सिंधुवा खेलमैदानको निर्माण शुरु गरिएको छ । वडा स्तरिय फुटबल प्रतियोगिता, स्थानीय तह बीच खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलाडीहरुलाई प्रोत्साहन गरिएको छ । राष्ट्रपति कप प्रतियोगिता आयोजना गरी पदक बिजेताको आधारमा बिद्यालयहरुको खेलकुद बरियताक्रम निर्धारण गरिएको छ । प्रत्येक वडामा युवाक्लब गठन तथा युबा परिचालन सम्वन्धी कार्ययोजना वनाई गठन गरिएको र युवा संसदको आभ्यास गर्न लागिएको छ । ५ बर्षभित्र १००० युवाहरुलाई बिभिन्न सीपमुलक तालिम दिने कार्ययोजाना निर्माण गरी लागू गरिएकोमा आ.ब.२०७४/७५ मा सिलाई कटाई, ड्रेस मेकर, डकर्मी, दुग्ध परिकार बनाउने, कुक, ड्राइभिङ्, मोबाइल मर्मत, मौरी पालन, वाँसबाट बन्ने सामग्रीको तालिम, पत्रकारिता, कम्प्यूटर, थुक्पा बनाउने र फलफूलको जुस बनाउने तालिम गरी कूल २३५ जनालाई तालिम दिईएको छ । यो आ.व.को बजेटले हालको बन्दाबन्दीका कारण बैदेशिक तथा स्वदेशी रोजगार गुमाएका युवाहरुलाई राष्ट्र निर्माण अभियानमा जुटाउने प्रयास समेत गरेको छु ।

१३. महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरीक, आ.ज. र दलितको क्षेत्रमा महिला समुह गठन गरी परिचालनका लागि "समूह समिति गठन तथा व्यवस्थापन कार्यबिधि २०७५" अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र प्रदान गर्नको लागि "अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र बितरण कार्यबिधि २०७५" बालबालिकाहरुको लागि "बाल मैत्री स्थानीय शासन सञ्चालन कार्यबिधि २०७५ जारी गरिएको छ । महिला समूह, एकल महिला समूह वडास्तर र पालिकास्तरको गठन सशक्तिकरण तथा तालिम प्रदान गरिएको, समूहहरुलाई दिगो परिचालनको लागी "विउ पुजी कोष सञ्चालन कार्यबिधि २०७६" बनाई प्रत्येक वडामा बिउ पूँजी रकम प्रदान गरिएको छ । प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयमा बाल क्लब, टिन्स क्लब गठन गरी पालिकास्तरको बाल क्लव गठन गरिएको, यस प्रकारको बाल क्लबको क्षमता अभिबृद्धी तथा नेतृत्व बवकास सम्वन्धी तालिम प्रदान गरिएको, बालमैत्री स्थानीय शासन सम्वन्धी साक्षत्कार गरिएको, बाल विवाह न्यूनिकरण, लागूपदार्थ दुर्व्यसन नियन्त्रण, ट्राफिक नियमको पालना, विपद्मा स्वयमसेवी भावनाको जागृत गराउने तालिम प्रदान गरिएको छ । अपाङ्गता जन्मदर नियन्त्रण तथा पुनर्स्थापना गर्न प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, करुणा फाउन्डेसन र पालिकाको ३ वर्षे कार्यक्रमका लागि त्रिपक्षीय सम्झौता गरी कार्य प्रारम्भ गरिएको छ ।

१४. हाल सम्मको अपाङ्गता भएका व्यक्तिहरुको नयाँ तथ्यांक ३४५ जनालाई कानून वमोजिम अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ । अपाङ्गता सहायक सामग्री वितरण, साङ्केतिक भाषा सिकाई वडा स्तरको तथा पालिकास्तरको अपाङ्ग सेवा समाज गठन तथा परिचालन गरिएको छ । जेष्ठ नागरिकको तथ्याङ्क सङ्कलन गरी १७९५ जना मध्ये ६१३ जनाले परिचय-पत्र लिएको, ७३२ जनाले जेष्ठ सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको, जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिएको, जेष्ठ स्वास्थ्य जाँच घरघरमा गरिएको, जेष्ठ नागरिकलाई दन्त उपहार कार्यक्रम सञ्चालन गरिएको, जेष्ठ नागरिक तीर्थ यात्रा गराइएको, वडास्तर र पालिकास्तरको जेष्ठ नागरिक समाज गठन गरी संगठित गरिएको र विभिन्न कार्यक्रम, दिवस, अनुभव आदान प्रदान तथा सम्मान कार्यक्रम गरिएको छ । हाम्रो यो अभियानले सबै नागरिकप्रति उच्च सम्मान प्रकट गर्दै आगामी बजेटबाट समतामूलक विकासमा सम्बोधन गर्ने प्रयत्न गरिरएको छ ।

१५. विभिन्न अभियान तथा दिवशका माध्यमबाट समाजमा रहेको कुरिती बिसंगित सामाजिक भेदभावको अन्त्य गराउने प्रयत्न गरिएको छ भने बहुलवाद सहितको समाजबाद उन्मूख कार्यक्रमलाई सम्बोनध गर्ने कार्यक्रहरु सञ्चालन गरिएका छन् । यस पालिकामा बसोबास गर्ने विभिन्न आदिबासी जनजातिहरुको धार्मिक, सांस्कृतिक तथा भाषिक पहिचानसगँ जोडिएका संस्कार, चाडपर्व, भेषभुषा, रीतिरिवाज, कला, भाषा, साहित्य तथा मौलिक प्रविधि हस्तान्तरणमा टेवा पुरयाइएको छ ।

१६. आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै वडाहरुमा विस्तार भएको छ । हाल चालु रहेको २४ घण्टे प्रसुती सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ । बालबालिकाको बॉच्न पाउने अधिकार, गर्भवती आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य



उपाध्यक्ष

रक्षा, सुरक्षा, खोप सेवा लगायतकासवै प्रकारको स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमहरु निरन्तर सञ्चालनमा राखिएका छन् । स्वास्थ्य क्षेत्रमा भएका महत्वपूर्ण कार्यहरु तेलिया स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भइ सञ्चालनमा आएको छ भने हातिखर्क स्वास्थ्य चौकीको भवन निर्माणाधिन अवस्थामा छ । स्वास्थ्य चौकी नभएका वडा नं. २ र ५ मा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण गरी इकाई स्थापना गरिएको छ भने सो वडाहरुमा यसै आ.व.देखि आधारभूत स्वास्थ्य इकाई समेत सञ्चालनमा ल्याइएको छ । गुणस्तरीय स्वास्थ्य सेवाको लागि हातिखर्क, परेवादिन र तांखुवा स्वास्थ्य चौकीमा ल्याब सेवा प्रदान गरिएको छ । यस गाउँपालिकाको १४ स्थानमा रहेको गाउँघर क्लिनिकमा महिनाको २ दिन आधारभूत स्वास्थ्य जाँच, औषधी वितरण, गर्भवती जाँच तथा खोप कार्यक्रम संञ्चालन गरिएको छ । ती गाँउघर क्लिनिकमा आवस्यक पर्ने औंजार, मेसिन, औषधी र बेडको ब्यबस्थापन गरिएको छ । यी सञ्चालित गतिविधिबाट आम नागरिकहरुको आधारभूत स्वास्थ्य सम्वन्धी हकलाई प्रत्याभूत गर्दै लैजाने थालनी भएको छ । यो बजेटले मानवको स्वस्थ्य जीवन जीउने अधिकारलाई थप टेवा दिने गरी कार्यक्रमहरु अघि सारिएको छ ।

१७. हात्तिपाइले रोग बिरुद्धको अभियानलाई व्यापक रुपमा कार्यान्वयन गराइएको, खकार जाँचका माध्यमबाट क्षयरोग पत्ता लगाइएको, नि:शुल्क आँखा जाँच तथा निशुल्क मोतिया विन्दुको शैल्यक्रिया (अपरेशन) गरिएको, राष्ट्रय भिटामिन ए कार्यक्रम सफलतापूर्वक सञ्चालन भएको छ । यस गाँउपालिकालाई २०७६/०१/२३ गते पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको छ । गाँउपालिकाको स्वास्थ्य विशेष सहायता कोष सञ्चालन कार्यविधी बनाई कडा रोग अन्तर्गतका मुटुरोगी, क्यान्सर,मृगौला पिडीत लगायतका बिशेष सहायता प्रदान गरिएको छ । नियमित गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमा र बच्चाको प्रोत्साहन स्वरुप **"उपाध्यक्षसगँ जीवन रक्षा कार्यक्रम"** सञ्चालन गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ ।

१८. खानेपानी तथा सरसफाइको क्षेत्र तर्फ परेवादिन खानेपानी योजना तेलिया तांखुवा खानेपानी चुलाचुली खानेपानी तेलिया भालुखोप खानेपानी जोरपाटी गुराँसे खानेपानी योजना जस्ता ठूला खानेपानी योजनाको DPR गरी निरन्तर कार्य भइरहेको छ भने साना खानेपानी ट्याङ्की निर्माण,पाइपलाइन विस्तार गरी जनतालाई शुद्ध खानेपानीको व्यवस्था गरिएको छ । स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ र सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७६ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । गाउँपालिकाको केन्द्रबाट १२ कि.मि दक्षिणतर्फ फोहोरमैला संकलन केन्द्र निर्माण गरी सिधुवा बजार र जोरपाटी बजारको फोहोरमैला उक्त संकलन केन्द्र मा २०७४ साल कार्तिक २९ गतेदेखि पुर्याउन थालेको, फोहोरमैला व्यवस्थापनको सहजताको लागि गाउँपालिकाको सहयोगमा मुख्य बजारहरुमा डस्टविन धारा प्लेट निर्माण गरिएको, वातावरण स्वच्छ, सफा, सुन्दर, मनमोहक र हरियाली बनाउन बजारबासीको आफ्नै लगानीमा सडकको दायाँ वायाँ गमला राखी धुपी विरुवा तथा अन्य फूल रोपीएको, पूर्ण सरसफाई सचेतना तालिम प्रदान गरिएको, सेफ्टी ट्याङकी तथा वाटर सिल सहित शौचालय व्यवस्थापनका लागि प्रोत्सान गरिएको छ । आगामी वजेटमा समेत यी गतिविधिहरुलाइ निरन्तरता दिने गरी वजेट व्यवस्थापन गरिएको छ ।

१९. कृषि तर्फ कृषि व्यवसायलाई आधुनिक व्यवस्थित व्यवसायिक तथा प्रविधिकरण तर्फ लैजान तरकारी खेतिका लागि उन्नत विउबिजन वितरण गरिएको, कृषिलाई आधुनिक प्रविधिसँग जोड्न ५०% अनुदानमा कृषि यन्त्र उपकरणहरु वितरण गरिएको, रासायनिक मल विषादीको प्रयोग न्युनीकरण गर्न भकारो सुधार तथा मुत्र संकलन केन्द्र निर्माणमा जोड दिइएको, हिउँदे तथा वर्षे फलफुलको विरुवा वितरणको लागि निर्देशिका बमोजिम ५०% अनुदानमा न्युनत्तम ५ रोपनी क्षेत्रफलमा ५० विरुवा रोपी बगैचा तथा व्यवसायिकीकरण गराउन वितरण गरिएको, बदाम पकेट क्षेत्र घोषणा गरी कृषकहरुलाई उत्तसिहत गरिएको, १६ हप्ते कृषक पाठशाला सञ्चालन गरिएको, कृषि चुन ढुङ्गा अनुदान दिइएको, जडीबुटीको पहिचान तथा सम्भाव्यता सहितको अध्ययन तथा प्रतिवेदन प्राप्त भएको छ, मत्स्य पोखरी निर्माण, साना सिचाई आयोजनाहरु समेत सन्चालनमा ल्याइएको छ । आगामी आ.व.मा समेत यी कार्यक्रम तथा आयोजनाहरुलाई निरन्तरता प्रदान गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ ।

२०. प्रर्यटन विकासका लागि धनकुटा जिल्लाकै सबैभन्दा अग्लो स्थान पटेक डाडामा Two way को स्टिल रेलिङ सहितको पदमार्ग निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ । यस गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक प्रर्यटकीय मनोरम स्थलहरुको बृत्तचित्र निर्माण भएको छ । गुराँसे ध्वजेक्षेत्रको प्रर्यटन विकासका लागि गुराँसेमा बौद्ध पटेक सारको DPR भएको छ । ध्वजे डाडामा पैदाल मार्ग निर्माण हुने क्रममा रहेको, जोरपाटीमा छथर पार्कको DPR



उपाध्यक्ष

भएको छ । सिधुवा बजारमा पालिकाको पहिचानस्वरुप फूलकोपी स्तम्भ निर्माण, तेलियामा चमेरे गुफा संरक्षण , चुलाचुलीमा पोखरी निर्माण, काठेबर प्रतिक्षालय निर्माण, निशान मौलो संरक्षण, हात्तीखर्कमा हात्तीको स्तम्भ निर्माण संम्पन्न भएको छ । विभिन्न मन्दिर, गुम्बा, माङहिम र चर्चहरुको पुननिर्माण, मर्मत सम्भार तथा निर्माण गरिएको छ । छथर जोरपाटी गाउँपालिका वडा नं. ६ निवासी तेन्जी शेर्पालाई सफल सगरमाथा आरोही भएर पालिकाको नाम उच्च राखेकोमा नगद रू. ५० हजार पुरस्कार सहित सम्मान गरिएको छ । प्रर्यटन प्रवद्धन गर्न पालिका स्तरको प्रर्यटन प्रवर्द्धन समिति गठन भएको, चमेरे गुफा संरक्षण समिति र मौलो निशान एकिकृत क्षेत्र विकास समिति गठन भई क्रियाशिल रहेको छ । Treeहाउस, मौलिक काठको रोटे पिङ, फार्प्रे झरना, रुम्भा गुफा तथा पोखरी मुजुर छोप्ने गुफा, सितारानी, चिम्लीङ ताम्लीङ यक, थाकेलुङ, महादेव गुफा, तेहक्षेत्र, अप्पुले चावुले पाथीभरा कालिका, त्रिवेणीधाम, छावा गुफा, भारामुखी झरना तेलिया खोला, चुला गुफा, हात्ती वाँध्ने ढुङ्गालाई पर्यटकीय गन्तव्य पहिचान गरिएको छ भने यो बजेटले यस्ता क्षेत्रहरुको सम्वर्द्धन र बिकासमा टेवा पुग्ने गरी बजेट विनियोजन गरेको छु ।

२१. गाउँपालिकाबाट भएका संस्थागत उपलब्धिहरु तर्फ गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ भने गाउँपालिका सामूदायिक भवन निर्माण कार्य सम्पन्न भइ हस्तान्तरण हुने क्रममा रहेको छ । ६ वटै वडामा इन्टरनेट सुविधा प्रदान गरी सफ्टवेयर तथा कम्प्यूटर मार्फत सबै सेवा प्रवाह गर्ने कार्य थालनी भएको छ । करको दायराहरु बढाई गरी आन्तरिक आय बृद्धि गर्ने प्रयत्न गरिएको छ । इलेक्ट्रोनिक हाजिरी, सि.सि. क्यामेरा जडान, पालिकाको E-mail, Website, Apps, Facebook Page, पत्रपत्रिका, रेडियो एफ.एम मार्फत जानकारी सूचना सार्वजनिक गरिएको, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, गुनासो पेटीका र नागरिक वडापत्र जस्ता व्यवस्था गरी जनता तथा सेवाग्राही प्रति सदाचार, पारदर्शी र सुशासन कायम गर्न प्रयत्न गरिएको छ । पेश्की शुन्य नीति कडाईका साथ अवलम्बन गरी आर्थिक प्रशासनलाई चुस्त दुरुस्तराख्न प्रयत्न गरिएको छ । ५ वर्षे आवधिक योजना निर्माण अन्तिम चरणमा रहेको, मध्यकालिन योजना निर्माणधिन रहेको, वार्षिक योजना बनेको, विपद प्रतिकार्य योजना बनेको, ५ वर्षे उद्यमविकास कार्य योजना बनेको, र छथर जोरपाटीको पर्यटकीय स्थल सम्बन्धी बृत्तचित्र निर्माण भइसकेकोले सोही बमोजिम आगामी योजनाहरु अघि सारिएको छ ।

२२. भौतिक पूर्वाधार बिकास तर्फ पूर्वाधार ऐन,२०७५ वनाई गाउँपालिका भित्रका सडकहरुको वर्गिकरण र सडक सीमा (Right of way) निर्धारण गरिएको छ । पालिकास्तरीय सडक ग्रामिण तथा वस्ती सडक कृषि सडक गोरेटो सडक समेतको नक्सा बनाई मूख्य सडकहरुको DPR तयार गरिएको छ । त्रिशुले जितपुर लेगुवा सडकको कालो पत्रे गर्नका लागि स्थानीय पुर्वाधार विभाग ग्रामिण सडकसुधार आयोजनामाबाट बनाउने गरी आवश्यक पहल गरिएको छ । आन्तरिक बजारका सडक पक्कि बनाउने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । सडक ग्रावेल गर्ने कार्यलाई निरन्तरता दिँदै जोरपाटी चुलाचुली काजिमाने सडकमा, सिधुवा नाम्जाङ सडक, त्रिशुले जितपुर सडक, पिङडाँडा वडा नं.३ को कार्यालय जाने सडकमा. र सिंधुवा पिपलडाँडा सडक, सिधुवा खेल मैदान देखि चपरी चोक समेतलाई क्रमागत रुपमा स्तरोन्नति तथा विस्तार गर्दै लैजाने गरी कार्यक्रम अघि बढाइएको छ ।गाउँपालिकाको ६ वटै वडा कार्यालय सम्म बाह्रै महिना सवारी साधन चल्न सक्ने सडकको स्तरोन्नती गरिएको छ । सिधुवा पिपलडाँडा गुवावेसि सडकको, पिङडाँडा देखि वडा नं. ४ को कार्यलय जाने सडक, छथर चक्रपथ, फलैचा सल्ले सडक, धनकुटा विहिबारे हटिया, कर्मिटार, बञ्चरे तांखुवा, तेलिया, परेवादिन, शुक्रबारे, तेह्थुम सडक चुलाचुली तेलिया त्रिवेणी सडक , सिधुवा खरवारी सडक समेतको विकास र विस्तारका लागि DPR तयार गरी सडक निर्माण तथा स्तरोन्ति गर्ने कार्यलाई यो बजेटबाट थालनी गर्ने गरी बजेट अघि सारिएको छ । यसैगरी अन्य भौतिक पूर्वाधार विकास तर्फ गुराँसे पटेकसार बौद्ध विहारको DPR भई विभिन्न सम्बन्धित कार्यालय र मन्त्रालयमा पठाइएको । संघीय सरकारको कार्यक्रमबाट सुरक्षित नागरिक आवास निर्माण कार्यक्रबाट फुसको छानो हटाई टीनको छानो लगाइदिने कार्य थालनी भएको छ ।

२३. जलस्रोत तथा सिँचाइ तर्फ सिँचाइ नीति, २०७६ पारित गरी कार्यान्वयनमा रहेको, आङलाली खोला सिँचाइ योजना प्रदेश सरकार मार्फत ठेक्का लागिसकेको, सेक्टर कुलो वडा नं. ५ याक्चना कुलो वडा नं.३ को निर्माण सुरु भएको छ भने फाप्रे, हाजेङफुङ कुलो निर्माणको लागि पाइपलाइनमा रहेको छ । सल्ले खोला कुलो स्प्रिङयुक्त सिँचाइ आयोजना वडा नं. ६ नाम्जाङ र ओडारे कुलो सिचाइ आयोजना हात्तीखर्कको निर्माण सम्पन्न भएको छ . ओख्रेखोला सुरुवाले सालधारी सिचाइ योजना हात्तीखर्क र चाचालाहाङ सिंचाइ योजनाको DPR निर्माणको चरणमा रहेको छ ।



उपाध्यक्ष

२४. बैकल्पिक उर्जा तथा सूचना - संञ्चार प्रविधि तर्फ काठे विद्युत पोल विस्थापित गरी फलामे स्टिल पोल बिस्तार गरिएको छ। आवश्यकतालाई मध्यनजर राख्दै विद्युत प्राधिकरण र गा.पा.को सझेदारीमा ट्रान्समिटर खरिद गर्ने कामहरु भएका छन्। राष्ट्रिय विद्युत प्रसारणको पहुँच भन्दा टाढा रहेका घरधूरीहरुलाई सोलार बत्ती (वैकल्पिक उर्जा) प्रदान गरीएको, आगामी आ.व.मा सौर्य सडक बत्ति विस्तार गर्दै लैजाने कार्यक्रम रहेको छ। गा.पा. भित्र सञ्चारका टावरहरु बिस्तार गरिएको छ। इन्टरनेटको पहुँच विस्तार गरी 4G सेवा प्रवाह गराउन आवशयक पहल भएको छ। गाउँपालिकाका सबै शाखा तथा वडा कार्यालयहरु,स्वास्थ्य संस्थाहरु र माध्यमिक विद्यालयहरुमा इन्टरनेत सेवा प्रदान गरिएको छ। वडा कार्यलय तथा गाउँपालिकाको कार्यलयहरुका निर्णय र सूचनाहरु स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको website page, Facebook मार्फत सार्वजनिकीकरण गरिएको छ। आगामी आ. व.मा सूचना तथा प्रविधि विकासलाई जनमैत्री बनाउँदै लैजाने गरी कार्यक्रमहरु अघि सारिएका छन्।

२५. विपद व्यवस्थापन तर्फ एक दिने सामुदायिक विपद् प्रतिकार्य तालिम नेपाली सेना वरख गणको प्राविधिक सहयोगमा २०७६ मंसिर ८, ९ र १० गते ४० जना युवाहरुलाई प्रदान गरिएको, विपद् व्यवस्थापन ऐन २०७६,विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५जारी गरी कार्यान्वियनमा रहेको, विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको, विपद् प्रतिकार्य योजना निर्माण गरिएको, विपद् व्यवस्थापन सामग्री खरिद गरिएको, विपद् सम्वन्धी अन्तरक्रिया जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला बीच गरिएको, नेपाली सेना वरख गणको प्राविधिक सहयोग तथा गा.पा.को लगानीमा १वडा १ आपत्कलिन हेलिप्याड निर्माणको थालनि भएको र यस आ.व.०७६/७७ मा वडा नं.३ मा निर्माण गरिएको छ। विपद् र जोखिममा परेका घर परिवारलाई सुरक्षित स्थानान्तरणका लागि प्रत्येक वडाहरुमा खुल्ला स्थान तोकिएको, अन्तराष्ट्रिय विपद दिवस, भुकम्प दिवस विभिन्न कार्यक्रम गरी मनाईएको, आ.व.०७५/७६ मा अग्नि पिडीत घरपरिवारलाई राहत वितरण गरिएको छ।

२६. न्यायिक समिति स्थापना पश्चात यस समितिमा आ.व.२०७४।०७५ र ०७५।०७६ मा जम्मा मुद्दा ४९ वटा दर्ता भई किनारा लागेको र आ.व.०७६।०७७ मा हालसम्म ४७ वटा मुद्दा दर्ता भएकोमा २५ वटा मिलापत्रको माध्यमबाट मिलापत्र भई सकेको, ६ वटा क्षेत्राधिकार भन्दा बाहीर रही प्रहरी चौकी सिधुवामा कारवाहीको लागि अनुरोध गरी पठाइएको, ४ वटा मुद्दाका तामेलीमा रहेको, एक मुद्दाका प्रतिवादीको मृत्यु भई मुद्दा डिसमिस भएको र ७ वटा मुद्दा मेलमिलापको प्रक्रियामा रहेकँ छन्। यी सबै मुद्दाहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उप दफा (२) वमोजिम मेलमिलापको माध्यमबाट मिलापत्र गराई विवाद निरुपण गर्नु पर्ने अवस्थामा रहेको छ। दफा ४७ (१) वमोजिम न्यायिक समितिले सिधै निरुपण गर्ने प्रकृतिका विवाद दर्ता नभएको अवस्था रहेको छ।

**सभाध्यक्ष महोदय्!**

अव छथर जोरापटी गाउँ कार्यपालिकाको गत आ.व.को यथार्थ तथा यस आ.व.को संशोधित बजेट खर्च र आगामी आ.व.को लागि आय व्यय अनुमान पेश गर्न चाहन्छु।

२७. गत वर्ष आ.व. २०७६/०७७ को कुल बजेट रु. २९ करोड ९५ लाख ५७ हजार रहेको थियो जसमा संघीय सरकारबाट वित्तीय समानीकरणबाट रु. ८ करोड २१ लाख, राजस्व बाँडफाँड तर्फ रु. ६ करोड ११ लाख, सशर्त अनुदान रु. १२ करोड, प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ६९ लाख ७७ हजार, राजस्व बाँडफाँड तर्फ रु. ३८ लाख ७९ हजार प्राप्त भएको थियो भने आन्तरीक आय रु. ९० लाख उठ्ने अनुमान गरिएको र अ.ल्या. रकम रु. १ करोड ६५ लाख १ हजार रहेको थियो।

२८. संशोधित खर्च अनुमान अनुसार संघ र प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुनु पर्ने अनुदानमा रु. ६ करोड ७९ लाख प्राप्त हुनु पर्नेमा हालसम्म ३ करोड ७५ लाख ६१ हजार मात्र प्राप्त भएको र २ करोड ७४ लाख १८ हजार प्राप्त हुन बाँकी रहेको अवस्था विद्यमान छ। आजका मितिसम्म आन्तरिक आय कूल रु. ९० लाख उठ्ने अनुमान गरिएकोमा रु. ३३ लाख ३५ हजार मात्र असुल हुन सकेको छ जसमा ५६ लाख ६५ हजार राजस्व उठ्न नसकेको अवस्था छ। कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका कारण एकोहोरो चालु खर्च मात्र गर्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। यसमा चालु तर्फ



उपाध्यक्ष

रु. २१ करोड २४ लाख ५६ हजार र पूँजीगत तर्फ रु. ८ करोड ७१ लाख १ हजार विनियोजन गरिएको थियो । यो रकम बाहेक विभिन्न कार्यक्रम तथा आयोजनाहरुमा संघीय सरकार प्रदेश सरकार र अन्य निकायहरु समेतबाट सामाजिक सुरक्षा वितरण तर्फ रु. ३ करोड ९५ लाख २ हजार, गरिब घर पहिचान कार्यक्रम तर्फ रु. १२ लाख ७५ हजार, समपूरक अनुदान ८० लाख, पर्यटन पूर्वाधार विकास कार्यक्रम तर्फ ५० लाख, फलफूल खेति विशेष अनुदान ५० लाख, गरीबसँग विश्वेश्वर कार्यक्रमका लागि रु. ७ लाख ६० हजार, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु. १० लाख, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण व्यवस्थापनका लागि रु. १० लाख २३ हजार, विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ ९४ लाख, जनता आबास तर्फ १२ लाख ६ हजार, प्रदेश सकारबाट सशर्त चालु तर्फ रु. ४६ लाख ७० हजार, सशर्त पूँजीगत अनुदान तर्फ रु. १ करोड ११ लाख, औद्योगिक ग्राम निर्माणका लागि ९२ लाख र अन्य तर्फ रु. ४ करोड ११ लाख नौ हजार गरी चालु तथा पूँजीगत गरी संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा जम्मा हुन आएको कुल यथार्थ आय जम्मा रु. ४४ करोड ५८ लाख २ हजार प्राप्त हुन आएको छ। यसबाट हालसम्मको पूँजीगत खर्चको अवस्था रु ६ करोड २० लाख ४९ हजार (४९.६९ प्रतिशत) र चालु खर्च रु. २० करोड ५३ लाख १८ हजार खर्च भइ (६८.९२ प्रतिशत) गरी कुल खर्च रु. २६ करोड ७३ लाख ६७ हजार (६१ प्रतिशत) हुन गएको छ। यो महिनाको अन्त्य सम्ममा रु. ८ करोड १० लाख खर्च थप भई कूल चालू तथा पुँजिगत खर्च रु. ३४,८३,६७,००० खर्च हुने अनुमान छ। संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदानको रकम खर्च गर्ने क्षमतामा ह्रास आएको अवस्था छ।

**२९. यस नीति, कार्यक्रम तथा योजना कार्यान्वयनका लागि विनियोजित बजेट र व्यहोरिने स्रोत अनुसूचीहरुमा विस्तृत रुपमा प्रस्तुत हुने हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गर्न चाहन्छु । आगामी आ.व. २०७७/०७८ को लागि कुल रु. ३८ करोड ३६ लाख ६२ हजारको जम्मा बजेट प्रस्ताव पेश गरेको छु जुन गत वर्षको तुलनामा ८ करोड ४१ लाख ५ हजार वृद्धि भई २८.०८ प्रतिशतले वृद्धि हुन पुगेको छ।**

**३०. अव व्यहोरिने स्रोतका रुपमा आन्तरिक आयबाट रु. ९५ लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरण तर्फ रु. ८ करोड ६१ लाख, राजस्व बाँडफाँडबाट रु. ६ करोड १७ लाख ५३ हजार, संघीय सरकारबाट सशर्त अनुदान तर्फ रु. १५ करोड ७२ लाख, विशेष अनुदान १ करोड र समपुरक अनुदान, १ करोड त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानिकरण तर्फ रु. ६९ लाख ८३ हजार, राजस्व बाँडफाँडबाट रु. ३१ लाख ३ हजार, समपुरक अनुदान रु. १ करोड सशर्त अनुदान रु. १७ लाख १० हजार र अ. ल्या. रु. २ करोड ७३ लाख १३ हजार समेत गाउँपालिकाको सञ्चित कोषमा आय जम्मा हुने अनुमान प्रस्ताव गरेकोछु । यसबाट चालु तर्फ सञ्चालन खर्च रु. २५ करोड ४५ लाख ९६ हजार र पूँजीगत तर्फ रु. १२ करोड ९० लाख ६६ हजार विनियोजन गरेकोछु । सामाजिक सुरक्षा भत्ता, अन्य कार्यक्रम तथा आयोजना अन्तर्गत प्राप्त हुन आउने रकमहरु जो संघीय अन्तर सरकारी हस्तान्तरण कार्यक्रम [ CGAS/Epayment ] बाट भुक्तानी गर्नु पर्ने रकमहरु यो बजेट अंकमा समावेश नगरिएको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु।**

**सभाध्यक्ष महोदय !**

छथर जोरपाटी गाउँपालिकाको दीर्घकालीन सोँच र समृद्धिमा आधारित विकास निर्माण तथा सेवा प्रवाहलाई निर्धारित लक्ष प्राप्तिमा प्रतिफलदायी बनाउन र अधिकतम आन्तरिक स्रोत तथा श्रम शक्तिलाई परिचालन गर्नका लागि **"छथर जोरपाटीको जन र मन – गाउँपालिकाको समृद्धिका लागि धन"** भन्ने नाराका साथ विकास निर्माणमा जुट्न आह्वान गर्ने नीति अनुरुप अव म क्षेत्रगत विकास तर्फ विनियोजित बजेट सम्वन्धमा विनियोजन विधेयक २०७७ को अनुसूची खण्डमा उल्लेख भइ पेश भएकै हुँदा संक्षेपमा मात्र उल्लेख गर्न चाहन्छु।

**३१.** भू-उपयोग नक्साका आधारमा गाउँपालिकाको सम्पूर्ण भू–भागलाई वर्गिकृत गरी समृद्धि निर्माणको कार्यमा उपयोग गर्न तयार पारिएको पञ्च वर्षिय लक्ष्य र योजना सहितको एकीकृत गाउँपालिका विकास योजना तयार गर्ने साथै यस कार्यमा गाउँपालिकाबासीका आवश्यकताको पहिचान निजहरूकै सहभागितामा तयार गरिनेछ । छथर जोरपाटी गाउँपालिकाको समग्र भू–भागलाई उत्पादनमूलक बनाउन भू-उपयोग नक्सा तयार पारी भौतिक विकासको स्वरुप सुनिश्चित गरिनेछ। यसका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।



उपाध्यक्ष

३२. आर्थिक विकास तर्फ कृषि पेशालाई व्यवसायीकरण गर्दै यस गाउँपालिकमा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि प्रवर्द्धन कोषमा स्रोत भर्ना सापटीका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु । यसैगरी कृषकहरुलाई प्रोत्साहित गर्न **"सय मुरी धान-बीस हजारले सम्मान" "पचास मुरी मकै-बीस हजार सर्लक्कै" "सय टन तरकारी बीस हजार पुरस्कार जितौं सरकारी"** जस्ता पुरुस्कार कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट रु. १ करोड ३९ लाख ०५ हजार विनियोजन गरेको छु भने पशु सेवा तर्फ **युवा लक्षित व्यवसायिक पशु फार्म** समेतका लागि रु. १ करोड ०८ लाख ०५ हजार विनियोजन गरेको छु । त्यसैगरी "उद्यमशीलताबाट रोजगारी र उत्पादनमा वृद्धि – यस गाउँपालिकाको हुन्छ समृद्धि" भन्ने नारालाई सार्थक तुल्याउन उद्योग तथा वाणिज्यमा ४३ लाख, पर्यटनमा १७ लाख ५० हजार, सहकारी क्षेत्रमा १० लाख विनियोजन गरी जम्मा आर्थिक विकासमा कुल रु. ३ करोड २० लाख ६० हजार विनियोजन गरेको छु भने औद्योगि ग्राम विकासका लागि यसै आ.व.देखि पूर्वाधार विकासको काम थालनी गर्न बजेट विनियोजन गरेको छु ।

३३. सामाजिक विकास तर्फ "बालबालिकहरुलाई कक्षाकोठामा ल्याऔँ, पढाईमा टिकाऔँ र समाजमा विकाऔँ" भन्ने नारालाई सार्थक तुल्याउन शिक्षामा रु. १२ करोड ८१ लाख १० हजार विनियोजन गरेको छु । बालबालिकाको बाँच्न पाउने अधिकार, गर्भवती आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, सुरक्षा, खोप सेवा लगायतका सवै प्रकारका स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमलाई एउटै डालोमा राखी "उपाध्यक्षसँग जीवन रक्षा" कार्यक्रम सञ्चालन गरी बालबालिकाको भ्रुण रक्षा सहितको जीवन रक्षा र आमाहरूको मातृत्व रक्षा गर्न स्वास्थ्य तर्फ रु. २ करोड ७१ लाख ५५ हजार, खानेपानी तथा सरसफाईमा रु. १ करोड २२ लाख २० हजार, साँस्कृतिक प्रवर्द्धनमा रु. १८ लाख १५ हजार, खेलकुद तथा मनोरञ्जनमा रु. ३८ लाख १० हजार, गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम रु. ३८ लाख र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु. ३८ लाख ७९ हजार गरी सामाजिक विकास तर्फ कुल रु. १८ करोड ०७ लाख ८९ हजार विनियोजन गरेको छु । यसै अन्तर्गत यस गाउँपालिका भित्र बसोबास गर्ने सबै दलित समुदायका नागरिकहरुको लागि गाउँपालिका र सम्वन्धित व्यक्ति वीच आधा आधा लागत सहभागितामा **स्वास्थ्य वीमा कार्यक्रम** सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छु । जनसंख्या व्यवस्थापन तर्फ"वसाई सरीजान नाईनाई – सरी आउनेलाई उपहार दिउँ एक गाई" कार्यक्रमलाई निरन्तरता दिएको छु ।

३४. पूर्वाधार विकाससँग जनजीविकाको सरोकारलाई ध्यानमा राखी **"डोजर नचलाउ झम्पल वढाउ, पाखुरी चलाउ पैसा-रुपैयाँ कमाउ"** भन्ने अभियान सहित पूर्वधार विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ । पूर्वाधार विकास तर्फ स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलमा रु. ३ करोड ८७ लाख ८९ हजार, जलस्रोत तथा सिंचाई तर्फ रु. ६८ लाख ८० हजार, भवन तथा सहरी विकास तर्फ रु. ३ करोड १० लाख ९० हजार, उर्जा, लघु तथा साना जल विद्युत (वैकल्पिक उर्जा समेत) रु. १० लाख गरी सम्पूर्ण पूर्वाधार विकासमा कुल रु. ०८ करोड ०४ लाख ९२ हजार विनियोजन गरेको छु ।

३५. "हाम्रो वन, छथर जोरपाटीको धन" कार्यक्रमलाई सार्थक वनाउन नीजि वन, सामुदायिक वन तथा सरकारी वनको खुला क्षेत्रमा वृक्षरोपण, डालेघाँस, जडिवुटी, घुसुवावाली फलफूल लगाई उचित व्यवस्थापन वन तथा वातावरण संरक्षण सरसफाइ तथा प्रकोप व्यवस्थापन कोभिड-१९ महामारी नियन्त्रण तथा रोकथाम समेतका लागि ८९ लाख ८० हजार विनियोजन गरेको छु ।

३६. "म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताको लागि इमान्दार भएर काम गर्ने छु" भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्दै नेपाल सरकारको नीति ऐक्यबद्धता सहित कार्यान्वयनमा ल्याइनेछ । भ्रष्टाचार अनियमितता, सरकारी सम्पत्तिको अनधिकृत प्रयोग, अपचलन, र दोहन गर्ने जुनसुकै व्यक्तिलाई कानूनी कारवाहीको दायरामा ल्याईनेछ । कर्मचारीहरुको मनोवल उच्च राख्दै आफ्नो काम कर्तव्य प्रति सदा उत्प्रेरित राख्न यी सेवामा



उपाध्यक्ष

कार्यरत कर्मचारीहरु मध्येबाट हरेक वर्ष कम्तिमा दुई जना कर्मचारीहरुलाई तोकिएको नगद सहित **"छथर जोरपाटी राष्ट्र सेवा पदक"** तथा प्रमाण पत्रबाट विशेष समारोहमा पुरस्कृत गरिनेछ । यसै गरी उत्कृष्ट करदाता, उत्कृष्ट कृषक र उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गर्ने नीति लिईनेछ संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन अन्तर्गत सामान्य सेवा, कर्मचारीको तलव, पोषाक, अन्य सुविधा, स्वास्थ्यकर्मीहरुको तलव सुविधा, करारका कर्मचारीहरुको तलव, सुविधा, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण व्यवस्थापन लगायत कार्यालय सञ्चालन, सूचना प्रविधि, न्याय सम्पादन तथा व्यवस्थापन, सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम समेतका लागि रु. ७ करोड ४६ लाख ३१ हजार विनियोजन गरेको छ । त्यसैगरी माथि सम्वन्धित आयोजनामा समावेश गरिएका समपुरक रकम बाहेक समपूरक कोषमा रु. ५० लाख विनियोजन गरेकोछु ।

**३७.** यस गाउँपालिकको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट २०७७।०३।०७ गते पारित भइसकेकोले ती सबै नीतिगत विषयहरुलाई समेट्ने प्रयत्नका साथ यो आय व्यय अनुमान पेश गरेको छु । सो विषयहरु विनियोजन विद्येयक २०७७ को अनुसूची खण्डमा समेटिएको व्यहोरा यस सम्मानित सभामा निवेदन गर्दै आजको यो महत्वपूर्ण क्षणमा आफ्नो अनमोल समय दिनु भएकोमा यस गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित पत्रकार तथा अन्य महानुभावहरु र अहोरात्र खटीई हामीलाई सहयोग गर्नुभएका कर्मचारी तथा सम्वन्धित सबैमा सहयोगका लागि हार्दिक धन्यवाद् एवं आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद् ।
मिति २०७७ साल असार १० गते

भिमकला श्रेष्ठ
गाउँपालिका उपाध्यक्ष
छथर जोरपाटी गाउँ पालिका
जोरपाटी, धनकुटा

उपाध्यक्ष